# स्थानीय राजपत्र
# जोशीपुर गाउँपालिकाद्धारा प्रकाशित
# भाग १

## जोशीपुर गाउँपालिकाको स्थानिय स्वास्थ्य तथा सरसफाई कार्यविधि २०७५

**प्रमाणिकरण मिति : २०७५।०३।२२**

प्रस्तावना :

स्थानिय बासिन्दाहरुको आधारभुत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा गाउँपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सो को व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसुची ८ को सूची नं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न" तथा "स्थानीय सरकार संञ्चालन ऐन २०७४" को दफा १०२ बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरेकोछ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिलाई जोशीपुर गाउँपालिकाको स्थानिय स्वास्थ्य तथा सरसफाई कार्यविधि २०७५ भनिनेछ ।

(ख) जोशीपुर गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वकिृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. **परिभाषा :** "कार्यविधि" भन्नाले जोशीपुर गाउँपालिकाको स्थानिय स्वास्थ्य तथा सरसफाई कार्यविधि २०७५ लाई संम्झनु पर्छ ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले जोशीपुर गाउँपालिकाको कार्यपालिकालाई संम्झनु पर्दछ ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई संम्झनु पर्दछ ।

(ङ) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(च) "ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई संम्झनु पर्दछ ।

(छ) "अनुगमन समिति" भन्नाले दफा ५ अनुसार नगरपालिकामा गठित स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिलाई संम्झनु पर्दछ ।

(ज) "व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको संचालन तथा व्यवस्थापन समितिलाई संम्झनु पर्दछ ।

(झ) “स्वास्थ्य संस्था” भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्रलाई संम्झनु पर्दछ ।

## परिच्छेद २
## आधारभुत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **आधारभुत स्वास्थ्य सेवाप्रदायकहरु :** स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन ।

क) **सरकारी वा सामुदायिक :** सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँ घर क्लिनिक, आयुर्वेद औषधालयहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवाप्रदायक संस्था हुनेछन ।

ख) निजी क्षेत्रद्धारा संचालित अस्पताल, नसिंङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवाप्रदायक संस्था हुनेछ ।

ग) ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको अधिनस्थः ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

४. **स्वास्थ्य सेवाप्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।**

५. **स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकार**

१) स्थानीय गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको गठन गरिनेछ ।

समितिको गठन यस प्रकार हुनेछ :

क) गाउँपालिका अध्यक्षले तोकेको कार्यपालिका सदस्य - अध्यक्ष

ख) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिर्वतन हुने गरी कार्यपालिकाले तोकेको १ जना - सदस्य

ग) स्वास्थ्य आमा समुह र महिला स्वास्थ्य स्वंयसेवक संन्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

घ) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक २ वर्षमा परिर्वतन हुने गरी कार्यपालिकाले तोकेको १ जना - सदस्य

ङ) स्वास्थ्य तथा सरसफाई उपशाखा प्रमुख - सदस्य सचिव

**२) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :-**

क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाई योजना तयार गर्ने ।

ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था संन्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।

घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

ङ) स्वास्थ्य संस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने ।

च) स्वास्थ्य बिशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

ज) गाउँ कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाई क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

झ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## ६. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार :-

१) सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी वा शहरी स्वास्थ्य केन्द्र व्यवस्थापनका लागि देहायका देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै संचालन तथा व्यवस्थापन समिति गठन गरिनेछ ।

१.१ सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र संचालन तथा व्यवस्थापन समितिको गठन

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | संरक्षक |
| ख) सम्बधित वडा अध्यक्ष | अध्यक्ष |
| ग) वडा अध्यक्षले मनोनित गरेको व्यक्ति | उपाध्यक्ष |
| घ) प्रा.स्वास्थ्य केन्द्र रहेको क्षेत्रको उच्चतम विद्यालयको प्र. अ. | सदस्य |
| ङ) स्थानीय व्यापार संघको प्रतिनिधि | सदस्य |
| च) सम्बन्धित वडा सचिव | सदस्य |
| छ) संरक्षकबाट मनोनित स्थानिय लब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रमा क्रियाशिल महिला १ जना | सदस्य |
| ज) प्रा.स्वास्थ्य केन्द प्रमुख | सदस्य सचिव |

१.२ स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समितिको गठन

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | संरक्षक |
| ख) सम्बधित वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्य | अध्यक्ष |
| ग) वडा अध्यक्षले मनोनित गरेको व्यक्ति | उपाध्यक्ष |
| घ) स्वास्थ्य संस्था क्षेत्रको विद्यालयको प्र. अ. | सदस्य |
| ङ) स्थानीय व्यापार संघको प्रतिनिधि | सदस्य |

च) सम्बन्धित वडा सचिव सदस्य

छ) संरक्षकबाट मनोनित स्थानिय लब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रमा क्रियाशिल महिला १ जना सदस्य

ज) स्वास्थ्य संस्था प्रमुख सदस्य सचिव

१.३ शहरी स्वास्थ्य केन्द्र संचालन तथा व्यवस्थापन समितिको गठन

क) गाउँपालिका अध्यक्ष संरक्षक

ख) सम्बधित वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्य अध्यक्ष

ग) गाउँपालिका अध्यक्षले मनोनित गरेको सम्बन्धित वडा भित्र बसोबास गर्ने समाजसेवी, लब्ध प्रतिष्ठित मध्ये एक जना व्यक्ति उपाध्यक्ष

घ) वडा समितिबाट मनोनित स्थानिय समाजसेवी,लब्ध प्रतिष्ठित व्यक्तिहरु मध्ये कम्तिमा एक जना दलित महिला सहित ३ जना सदस्य

ङ) सम्बन्धित वडा सचिव सदस्य

च) स्वास्थ्य संस्था प्रमुख सदस्य सचिव

**२) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य निम्नानुसार हुनेछन् :**

क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

ख) व्यवस्थापन समितिको नियमित बैठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

ग) वार्षिक समिक्षा, सामाजिक परिक्षण जस्ता मुल्याकनको कार्यक्रम संचालन गर्ने ।

घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजकिरण गर्ने ।

ङ) स्वास्थ्य घुम्ती शिबिरहरु संचालन गर्न सम्बन्धित निकायहरुलाई अनुमति दिने र आवश्यक समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कायृक्म तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

**७. बैंक खाता संचालन :** हरेक स्वास्थ्य संस्थाले बैक खाता खोल्न सक्नेछ ।

१) स्वास्थ्य संस्थाको बैक खाता स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

# परिच्छेद : ३
## स्वास्थ्य संस्था स्थापना र संचालन सम्बन्धी मापदण्ड

**८. अस्पताल तथा स्वास्थ्य संस्था संचालन मापदण्ड**

**१) अस्पताल :** गाउँपालिका आफैले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ । यस्तो अस्पताल संचालन गर्न गाउँपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ ।

**२) स्वास्थ्य चौकी :** गाउँपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी वा शहरी स्वास्थ्य केन्द्र संचालन गर्नुपर्नेछ ।

**क) स्वास्थ्य चौकीको हकमा जनशक्ति :** स्वास्थ्य सहायक (हेल्थ असिस्टेण्ट) १ जना, अ.हे.व. ३ जना, अ.न.मी. २ जना, का. सहयोगी १ जना र आवश्यकता अनुसार अन्य सहायक कर्मचारी र शहरी स्वास्थ्य केन्द्रको हकमा अ.हे.व. मध्ये १ जना, अ.न.मी. १ जना र का. सहयोगी १ जना

**ख) भवन कोठा :** प्रशासन कक्ष, औषधि भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहित भवन

**ग) उपकरण :** प्राथमिक उपचारका आधारभूत उपकरण,

**३) गाउँपालिका क्षेत्र भित्र जडीबुटी, प्राकृतिक चिकित्सा, योगा,ध्यान लगायतका रोकथाममुलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टसँगको साझेदारीमा वा गाउँपालिका आफैले कम्तमिा एउटा आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र संचालन गर्नुपर्नेछ ।**

**९. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने ।**

(१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोक कल्याणकारी संस्थाद्धारा अस्पताल संचालन गर्न चाहेमा १५ शैयासम्मको संचालन अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न गाउँ कार्यपालिकालाई सिफारिश गर्नेछ ।

(४) उपदफा (३) को आधारमा नगर कार्यपालिकाले ६ महिनाको समयभित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समयसीमा भित्र यसै कार्यविधि बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालन अनुमती प्रदान गर्न सक्नेछ ।

(७) आशयपत्रमा उल्लेख गरिएको समय सिमा भित्र तोकिएको मापदण्ड पुरा नगरेको पाईएमा स्विकृती प्रदान गरिने छैन ।

१०. **अस्पताल संचालन गर्न आवश्यक मापदण्ड :** गाउँपालिकाको स्वीकृतीमा संचालन हुने अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

**(१) जनशक्ति :** कम्तिमा ४ जना डाक्टर (एमबिबीएस वा एम.डी.), कम्तिमा ८ जना स्टाफ नर्स, हेल्थ असिस्टेन्ट ४ जना, कम्तिमा २ जना ल्याब टेक्निशियन र आवश्यकतानुसार सहायक र सहयोगी स्वास्थ्यकर्मी हुनुपर्नेछ ।

(२) भवन तथा कोठा, दर्ता चलानी, बहिरंग सेवा, ईमरजेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका बिरामी राख्ने क्याबिन, बर्थिङ सेन्टर, प्रशासन कक्ष, र पार्किङ

.(३) उपकरण र पूर्वाधार :सडक नेटवर्कले जोडिएका, एम्बुलेन्स सेवाको उपलब्धता, बिरामी राख्ने बेड र लाईफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

११. **पोलिक्लिनिक संचालनको अनुमती :**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ ।

तपसिल :

१२. **प्रयोगशाला वा ल्याबोरेटरी संचालन** :व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्याबोरेटरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्याबोरेटरी संचालन गर्ने स्थान, घरधनी र संचालक बिचको घरभाडा सम्बन्धी संम्झौता पत्र

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्युनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाण पत्र र काम गर्न ईच्छुक भएको पत्र

(४) ल्याबमा उपलब्ध हुने परिक्षणको प्रकार

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

(६) प्रस्तावित लागत

१३. **फार्मेसी संचालनको अनुमती**

(१) गाउँपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमती लिनु पर्नेछ ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति संचालक रहने गरी फामेर्सी संचालन गर्ने स्थान, विकी वितरण गर्ने औषधिका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी संचालनमा रहने मुख्य संचालक र सहायक कर्मचारीहरुको विवरणहरु, शैक्षिक प्रमाण पत्र, नेपाली नागरिकता र हालको बसोबास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिश साथ आवेदन पेश गर्नुपर्नेछ ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्नेछ ।

१४. **मापदण्ड पुरा नगरेमा सजाय हुने :**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिंदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाईएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि गाउँपालिकामा सिफारिश गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याब टेक्निशियन बाहेकका व्यक्तिले रगत, दिशापिसाब, खकार लगायतको परिक्षणमा संलग्न भएको पाईएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, संचालकलाई कालो सूचीमा राखी सोको आम जनतालाई जानकारी दिइने ।

(३) फार्मेसीको हकमा दर्तावाला संचालक र सहयोगी बाहेक अरुले औषधि बेचेको पाईएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमती खारेज गर्न सकिने ।

१५. **सहुलियत र छुटको व्यवस्था गर्नु पर्ने :** निजी लगानी र ट्रष्ट मार्फत संचालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका कममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिशमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

## परिच्छेद : ४
## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वंयम्सेवा सम्बन्धि व्यवस्था

१६. **स्वास्थ्यकर्मीको व्यवस्थापन** : गाउँपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ५ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

**(१) स्थायी :** नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु ।

**(२) करार :** स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

**(३) अभ्यासकर्ता :** स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एंव गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकमीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्नेछ । यस्ता अभ्यासकर्तालाई बढीमा १ वर्षको लागि भर्ना गर्न सकिनेछ ।

**(४) महिला स्वास्थ्य स्वंयसेवक**

**(५) स्वास्थ्य अभियानकर्ता**

१७. **महिला स्वास्थ्य स्वंयसेवकको व्यवस्था :** स्वास्थ्य सेवालाई जनताको घरदैलोसम्म पुर्‍याउन र जनचेतना फैलाउन गाउँपालिकाले महिला स्वास्थ्य स्वंयसेवकहरु नियुक्त गर्न सक्नेछ ।

(१) महिला स्वास्थ्य स्वंयसेवकहरु नियुक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम १० कक्षा अध्ययन गरेको सम्बन्धित वडाको विवाहित नागरिक हुनुपर्नेछ ।

(२) एउटा वडामा अधिकतम औसत प्रति १००० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वंयसेवकको सिफारिश वडा समितिले गाउँपालिका समक्ष गर्न सक्नेछ ।

(३) प्रत्येक महिला स्वास्थ्य स्वंयसेवकहरुले आधारभुत स्वास्थ्य सम्बन्धि १८ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखिकरण प्रदान गर्नेछ ।

(४) यो कार्यविधि लागु हुनु भन्दा पहिले देखि नै कार्यरत महिला स्वास्थ्य स्वंयसेवकहरु मध्ये असक्त, निरक्षर, अन्य संघसंस्थामा कार्यरत, बाल विकास लगायत शिक्षण पेशामा संलग्न, आफ्नो कार्यक्षेत्र भन्दा बाहिर बस्ने र ५५ वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी अनिवार्य बिदाई गरिनेछ र नया नियुक्त गर्दा कम्तिमा १० कक्षा अध्ययन गरेकालाई मात्र नियुक्ति दिईनेछ ।

१८. **स्वास्थ्य अभियानकर्ताको व्यवस्था :** स्वास्थ्य सेवालाई समुदाय स्तरसम्म पुर्‍याउन र गाउँपालिकालाई आवश्यक परेको समयमा विभिन्न स्वास्थ्य अभियानहरु संचालन गर्न पूर्ण सरसफाई कार्यक्रम स्वास्थ्य अभियानकर्ताहरु नियुक्त गर्न सक्नेछ ।

(१) स्वास्थ्य अभियानकताहरु नियुक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता स्वास्थ्य प्राविधिक विषय वा न्युनतम १० कक्षा अध्ययन गरेको सम्बन्धित गाउँपालिकाको नागरिक हुनुपर्नेछ ।

(२) एउटा वडामा अधिकतम औसत प्रति १००० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वंयसेवकको सिफारिश वडा समितिले गाउँपालिका समक्ष गर्न सक्नेछ ।

(३) गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखिकरण प्रदान गर्नेछ ।

१९. **स्वास्थ्यकर्मीको सेवा सुविधा :**

(१) स्थायी स्वास्थ्यकर्मी  नेपाल सरकारले तोकेको स्केल बमोजिम तलब भत्ता र गाउँ कार्यपालिकाले तोके बमोजिमको अन्य सेवा सुविधा ।

(२) करार स्वास्थ्यकर्मी : प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) महिला स्वास्थ्य स्वंयसेवक : पोशाक, बार्षिक रुपमा प्रोत्साहन वा संन्चार खर्च आदि, स्वास्थ्य संस्थालाई आवश्यकता परेको बखत काममा खटाईएमा सो दिनको पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

(४) स्वास्थ्य अभियानकताहरु : गाउँपालिका वा स्वास्थ्य संस्थालाई आवश्यकता परेको बखत काममा खटाईएमा सो दिनको पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

२०. **स्वास्थ्यकर्मीको दरबन्दी निर्धारण र नियुक्ति :** सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी गाउँसभाले निर्धारण गर्नेछ ।

(१) दरबन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन । समायोजनमा नआएका कर्मचारीहरुको हकमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ ।

१.२ सामुदायिक वा सरकारी स्वामित्वमा रहेका स्वास्थ्य संस्था वा स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्रमा श्रेणी वा तहगतरुपमा वरिष्ठताको आधारमा प्रमुख हुनेछ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरबन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धि व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ : गाउँपालिकाको करार कार्यविधि अनुसार

(३) छनौट समितिले आफ्नो मापदण्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२१. कर्मचारी सरुवा** :

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ५ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुनुपर्नेछ । विशेष परिस्थिति बाहेक न्युनतम २ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्युनतम २ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाउँपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरबन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्नी सँगै रही सेवा गर्न पाउने व्यवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिनेछ ।

**२२. कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने** : स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका प्रमुखको रोहबरमा प्रमुख प्रशासकिय अधिकृतले स्वास्थ्य तथा सरसफाई उपशाखा प्रमुख सँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ ।

(२) कार्य सम्पादन करार सम्झौता बढीमा १ वर्षको हुनेछ । करार सम्झौता अनुसार काम भए नभएको मुल्याकंन प्रमुख प्रशासकिय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) वार्षिक कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले तयार पारी गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**२३. कार्य सम्पादन मूल्याकंन र सजाय तथा पुरस्कार :**

(१) कार्य सम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्यांकन गरी कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

(२) कार्य सम्पादन सम्झौताको मूल्यांकन, पुरस्कार र सजाय गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ५
## औषधि तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धि व्यवस्था

**२४. वार्षिक खरिद योजना बनाउनु पर्ने :**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु गर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई उपशाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ ।

**२५. औषधि तथा स्वास्थ्य उपकरण खरिद :**

(१) औषधि तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य तथा सरसफाई उपशाखाले प्रक्रिया अघि बढाउनेछ ।

(२) औषधि तथा उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

**२६. औषधि तथा स्वास्थ्य उपकरणको भण्डारण :**

(१) खरिद गरिएको औषधि तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिका स्वास्थ्य तथा सरसफाई उपशाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधिको खरिद त्रैमासिक रुपमा गर्नुपर्ने छ । खरिदको परिमाण निर्धारण सम्बन्धित वडा समितिले माग गरे बमोजिम २०% मा नबढाईकन गर्नुपर्ने छ ।

(३) गाउँपालिकाले खरिद गरेको उपकरण र औषधिको कुल परिमाण र मुल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नु पर्नेछ ।

(४) सम्बन्धित सामुदायिक स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधि तथा औषधि वितरण सम्बन्धि विस्तृत विवरण त्रैमासिक रुपमा सार्वजनिक गर्ने र सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा बुझाउनु पर्नेछ ।

## परिच्छेद ६
## स्वास्थ्य सेवाको न्युनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धि व्यवस्था

**२७. स्वास्थ्य सेवाको न्यूनतम मुल्य र गुणस्तर तोक्न सक्ने**

(१) गाउँपालिकाले स्थानीयस्तरमा संचालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

**२८. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन**

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आवश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरि संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

**२९. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन**

(१) स्वच्छ खानेपानी र खाद्य पदार्थको गुणस्तर एंव वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउनेछ ।

(२) प्रदुषण बढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्बन्धि सचेत गराउन र सोबाट पर्न जाने हानि नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिश गर्न सक्नेछ ।

(३) सिफारिश बमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धि व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद ७
## महामारी रोकथाम, फोहरमैला व्यवस्थापन सम्बन्धि व्यवस्था

**३०. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सोको जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा महिला स्वास्थ्य स्वंयसेवकलाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा महिला स्वास्थ्य स्वंयसेवकलाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराईएका रोगीहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

## ३१. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निर्क्योल गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रुपमा बस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिबन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक सर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

## ३२. सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण गर्न बन्देज लगाईनेछ ।

(३) सुर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दुरी भित्र धुम्रपान र मदिरापान निषेध गरिनेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विकि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ ।

## ३३. सरसफाई सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन

(१) गाउँपालिका स्वास्थ्य तथा सरसफाई उपशाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले महिला स्वास्थ्य स्वंयसेवकहरु परिचालन गरी सबै घरपरिवार सम्म वितरण गर्नेछन् ।

(३) घर निर्माण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर विर्सजन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्नेछ ।

(४) एक परिवारको शौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानि नोक्सानी पर्न गएमा सोको क्षतिपूर्ति हानि पुर्‍याउने परिवारले तिनुपर्नेछ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निष्कासित फोहरमैला पुनः प्रयोग गरि कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँ कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

# परिच्छेद ८
# विविध

## ३४. निजी स्वास्थ्य संस्था, मेडिकल कलेज, अध्ययन संस्थान र ठुला अस्पताल संचालनका लागि सिफारिस

१. राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडा र गाउँपालिकाबाट सिफारिश लिनुपर्नेछ ।

२. उपदफा (१) बमोजिमको सिफारिश लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्युनिकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

३. सिफारिशका लागि गाउँपालिका आर्थिक ऐनले तोके बमोजिमको राजस्व दस्तुर बुझाउनु पर्नेछ ।

**३५. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुर्‍याउनु पर्ने :** स्वास्थ्य सेवा सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य तथा सरसफाई उपशाखाले समन्वय गर्नेछ ।

**३६. स्वास्थ्य आमा समुह, धामी झाकी र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनहिरुको कियाकलापलाई स्वास्थ्य तथा सरसफाई उपशाखाले अनुगमन र नियमन गर्नेछ ।**

**३७. गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य तथा सरसफाई सम्बन्धि संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक र वार्षिक रुपमा नगरपालिका समक्ष बुझाउनु पर्नेछ ।**

**३८. गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ । संस्था, ट्रष्ट र व्यक्तिहरुसँग विभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्नेछ र तिनीहरुबाट औषधी, उपकरण, बिशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।**

**३९. पुनरावेदन :** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

**४०. नियम बनाउने अधिकार :**

(१) यस कार्यविधि कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

४१. **बाधा अडकाउ फुकाउने अधिकार :** यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधिमा परे सरह मानिनेछ । तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ ।

४२. **बचाउ र लागु नहुने :**

(१) यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) संविधान सँग बाझिएको यस कार्यविधिका दफा तथा उपदफाहरु बांझिएको हदसम्म स्वतः खारेज हुनेछ ।